आज मिति २०७८ साल माघ २७ गते बिहीबारका दिन यस साँफेबगर नगरपालिकाका नगर प्रमुख श्री कुल बहादुर कुँवरज्यूको अध्यक्षतामा आ.व.२०७८/०७९ को नवौं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितीमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

**उपस्थिती:**

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री कुल बहादुर कुँवर | अध्यक्ष एवं नगर प्रमुख | ९८५१०७७११८ | |
| २. | श्री बिर्मला देवी बुड्थापा | सदस्य एवं नगर उप-प्रमुख | ९८६८७०७४४६ | |
| ३. | श्री अमर बहादुर शाह | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१ | ९८६८४३६५५५ | |
| ४. | श्री कालु सिंह कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-२ | ९८४८६५०७१२ | |
| ५. | श्री कृष्ण बहादुर बुढा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-३ | ९८६५६२६२६४ | |
| ६. | श्री बालगिरी कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-४ | ९८४८६७७५०२ | |
| ७. | श्री उजिरे साउँद | सदस्य एवं वडा अध्यक्ष वडा नं.-५ | ९८६८५२०५५६ | |
| ८. | श्री प्रेम राज शर्मा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-६ | ९८४८६१२७६० | |
| ९. | श्री मिठ्ठु सिंह भाट | सदस्य एवं वडा अध्यक्ष वडा नं.-७ | ९८४८४११६९९ | |
| १०. | श्री टंक बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-८ | ९८६९१५६८६६ | |
| ११. | श्री ध्रुब बहादुर थापा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-९ | ९८४८५५४०३५ | |
| १२. | श्री लाल बहादुर खडका | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१० | ९८४८६९२९४८ | |
| १३. | श्री गणेश बहादुर खडका | सदस्य एवं वडा अध्यक्ष वडा नं.-११ | ९८६५८३२६४५ | |
| १४. | श्री प्रकाश बहादुर राना | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१२ | ९८४८५३०१९१ | |
| १५. | श्री सागर सिंह सोनार (बाब्ली) | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१३ | ९८५८४२६५२४ | |
| १६. | श्री कर्ण बहादुर साउँद | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१४ | ९८४८६७७९८६ | |
| १७. | श्री जीत बहादुर निशानी लुहार | सदस्य | ९८६२५०१०८८ | |
| १८. | श्री दुरी देवी कुँवर | सदस्य | ९८१४६६७२१० | |
| १९. | श्री सुरत बहादुर भुल | सदस्य | ९८६९४४०७५९ | |
| २०. | श्री सावी मिजार | सदस्य | ९८०४६८३८३५ | |
| २१. | श्री शंकर भुल | सदस्य | ९८४८६००८७६ | |

| | | | | |
|---|---|---|---|---|
| २२. | श्री जयन्ती देवी बोगटी | सदस्य | ९८६८८००१८२ | |
| २३. | श्री सावित्री देवी कुँवर | सदस्य | ९८४०६८०६७२ | |
| २४. | श्री शान्ती देवी जोशी | सदस्य | ९८४८५२६५४९ | |
| २५. | श्री लक्ष्मी प्रसाद शर्मा | सचिव नि. प्र.प्र.अ. | ९८५८४३०१११ | |

**आमन्त्रितः**

| | | | | |
|---|---|---|---|---|
| १. | श्री | | | |
| २. | श्री | | | |
| ३. | श्री | | | |

प्रस्तावहरुः

१. रिपोर्टिङ
२. साँफेबगर नगरसभाको आठौं अधिवेसन आव्हान गर्ने सम्बन्धमा।
३. बयालपाटा अस्पताल र वडा कार्यालयहरुको जग्गाधनी प्रमाणपूर्जा सम्बन्धमा।
४. नगरक्षेत्र एकिकृत दिगो फोहरमैला व्यवस्थापन नमूना क्षेत्र घोषणा सम्बन्धमा।
५. आस्था नेपाल सँगको समन्वयमा नगरपालिका बालबालिका तथ्याङ्क संकलन गर्ने सम्बन्धमा।
६. गरिब घरपरिवार पहिचान परिचयपत्र वितरण सहयोग समितिको बैठक मिति तय गर्ने सम्बन्धमा।
७. नगर तथा वडाको सेवा पाउने मापदण्ड सम्बन्धमा।
८. विद्यालय सञ्चालन गर्ने सम्बन्धमा।
९. प्रदेश सरकार बिशेष अनुदान योजना तथा कार्यक्रम माग गर्ने सम्बन्धमा।
१०. विविध।

**<u>निर्णयहरुः</u>**

**निर्णय नं. १**

प्रस्ताव नं.१ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको मिति २०७८ साल पौष २८ गते सम्पन्न आठौं कार्यपालिका बैठक यता नगरपालिकाबाट भए गरेका कार्यक्रमहरु वडा नं. १ बैजनाथमा सिलाई कटाई तालिम,७ दिने चुरापोते बनाउने तालिम सञ्चालन,एकिकृत फोहरमैला व्यवस्थापन सम्बन्धी अभिमुखीकरण, नगरपालिकाका विभिन्न स्थानमा नयाँ शहर आयोजना कार्यालयको सहयोगमा सौर्यबत्ती जडान, विभिन्न उमेर समूहका व्यक्तिहरुलाई लगाईएको कोरोना विरुद्धको खोपको विभिन्न मात्रा तथा बुस्टर मात्रा, विभिन्न आयोजनाहरुको टेन्डर कार्य सम्पन्न, बाढी प्रकोप पिडीतहरुलाई राहतका साथै अन्य समसामयिक कृयाकलापहरुको बारेमा नगर प्रमुखज्यूबाट संक्षिप्त रुपमा रिपोर्ट प्रस्तुत भई वडा तहको रिपोर्टिङ सम्बन्धित वडा अध्यक्षको प्रस्तुति पश्चात कार्य सञ्चालनार्थ देखिएका समस्या तथा कमी कमजोरीलाई नगर प्रमुखज्यूको सम्बोधन सहित आपसी सहमती तथा सहकार्यबाट समाधान गर्ने गरी रिपोर्टिङ कार्य सम्पन्न गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं.२ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको आठौं नगरसभा यही मिति २०७८ साल फागुन ०४ गते मध्यान्ह १२ बजे यस नगरपालिकाको सभाहलमा बस्ने गरी आयोजना गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय नं. ३**

प्रस्ताव नं.३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत वडा नं. ०७ स्थित बयालपाटा अस्पतालको नाममा विगत देखि भोगचलनमा रहेको जग्गाको जग्गाधनी प्रमाणपूर्जा विविध कारणले गर्दा हाल सम्म प्राप्त हुन नसकेकोले उक्त जग्गा बयालपाटा अस्पतालको नामा रहने गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराउनका साथै जग्गाधनी प्रमाणपूर्जा प्राप्त गर्न नसकेका वडा कार्यालयहरुको नाममा विगत देखि भोगचलनमा रहेको जग्गा सम्बन्धित वडा कार्यालयको नाममा रहने गरी जग्गाधनी प्रमाणपूर्जा उपलब्ध गराउन मालपोत कार्यालय अछाममा सिफारिस गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वडा नं. ३ र ४ का बजार क्षेत्रहरुबाट उत्सर्जन हुने फोहरमैलाको व्यवस्थापनका लागि हाल उक्त क्षेत्रलाई एकिकृत दिगो फोहरमैला व्यवस्थापन नमूनाक्षेत्र घोषणा गर्ने र यस साँफेबगर नगरपालिका वडा नं. ३ र ४ को बजार क्षेत्रको सरसफाईमा कुनै न कुनै रुपमा योगदान पुरयाउँदै आएका अछाम जिल्ला साँफेबगर नगरपालिका वडा नं. ३ निवासी कला आउजी, वडा नं. ४ निवासी रनी आउजीलाई क्रमशः सम्मान स्वरुप रकम रु. २५०००/- र १५०००/- उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने र साँफेबगर नगरपालिका वडा नं. ३ हाट बजारमा फोहरमैला उठाउने यस नगरपालिकाको टेक्टरमा फोहरमैला नउठाउने साना व्यवसायी रु. ५०/- र ठूला व्यवसायी रु.१००/- मासिकरुपमा फोहरमैला उठाउने स्वीपरलाई दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आस्था नेपालको समन्वयमा यस साँफेबगर नगरपालिका अन्तर्गत बालबालिकाहरुको अवस्थाको विश्लेषण गरी प्रतिवेदन तयार गर्ने उद्धेश्यले १४ वटै वडाको बालबालिकाहरुको तथ्यांक संकलन गर्ने र सो कार्यका लागि यस नगरपालिका बाट आस्था नेपाललाई रकम रु. ५०,०००/- अक्षेरुपी पचास हजार मात्र उपलब्ध गराउने सम्झौता भए बमोजिम अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत गरिब घरपरिवार पहिचान परिचय पत्र वितरण हुन नसकेका वडाहरुमा परिचयपत्र वितरण गर्न यही मिति २०७८ साल माघ २९ गते मध्यान्ह १२ बजे गरिब घरपरिवार पहिचान परिचयपत्र वितरण सहयोग समितिको बैठक आयोजना गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट कुनैपनि नागरिकले सार्वजनिक सेवा प्राप्त गर्दा अनिवार्यरुपमा नगरपालिकालाई कर तथा राजस्व चुक्ता गरेको कागजातका साथै अनिवार्यरुपमा स्वास्थ्य विमा गरेको कागजात पेश गर्नुपर्ने र वडा कार्यालयहरुबाट सार्वजनिक सेवा लिनुपर्दाको हकमा नगरपालिकालाई अनिवार्यरुपमा सम्पति तथा मालपोत कर, व्यवसाय कर तिरेको कागजात पेश गरेको आधारमा मात्र सेवा प्रवाह गर्ने र यस साँफेबगर नगरपालिकाका जनप्रतिनिधी तथा कर्मचारीहरुले आफ्नो तथा आफ्नो घरपरिवारको स्वास्थ्य विमा नगरेको भए मिति २०७८ साल फागुन १५ गते भित्रको सिमा अवधिमा रही स्वास्थ्य विमा गरिसक्नु पर्ने यदी स्वास्थ्य विमा नगरेमा निजहरुले यस नगरपालिकाबाट प्राप्त गर्ने सबै प्रकारका सेवा सुविधा, तलब भत्ता रोकिन सक्ने र सेवाग्राही नागरिकको हकमा यस नगरपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह गरिने सार्वजनिक सेवा उपलब्ध गराउन बाध्य नहुने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका क्षेत्रमा कोभिड १९ को संक्रमणको अवस्थालाई दृष्टिगत गरी हाललाई स्वास्थ्य सुरक्षाका सबै मापदण्डहरु पालना गरी अर्को व्यवस्था नभए समम्म हाल कक्षा ६ देखि माथिका सम्पूर्ण विद्यालयहरुका विद्यार्थीहरुको भौतिक उपस्थितीमा यही मिति २०७८ साल फागुन १ गते देखि नियमित रुपमा सञ्चालन गर्ने गरी सम्पूर्ण विद्यालयहरुलाई परिपत्र गर्न शिक्षा युवा तथा खेलकुद शाखालाई निर्देशन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको आवश्यकता तथा औचित्यताको आधारमा आ.व. २०७९/०८० का लागि तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरु सुदूरपश्चिम प्रदेश सरकार बिशेष अनुदान अन्तर्गत माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| क्र.सं. | आयोजना तथा कार्यक्रम | अनुमानित लागत रकम रु. | कैफियत |
|---|---|---|---|
| क. | दोगाडे खानेपानी निर्माण योजना सा.न.पा. १० | ३,७२,५०,८९७/५५ | |
| ख. | विपन्न दलित समुदाय जीविकोपार्जन तथा आयआर्जन कार्यक्रम | ३०,०००००/- | |
| ग. | एकल महिला उत्थान तथा सुरक्षित महिला परामर्श कार्यक्रम | २५,०००००/- | |
| घ. | अल्पसंख्यक मुस्लिम समुदाय जीविकोपार्जन, आयआर्जन तथा सरसफाई कार्यक्रम | २५,७६,४१७/९० | |
| ङ. | साँफेबगर नगरक्षेत्र दुर्गम टोल बस्ती उज्यालो कार्यक्रम | ५९७१८३४/२४ | |

**प्रस्ताव नं. १०**

प्रस्ताव नं. १० विविध (क) माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वडा नं. ०७ का वडा अध्यक्ष श्री मिठ्ठु सिंह भाटका सहोदर दाजु बल बहादुर भाटको यही मिति २०७८ साल माघ २४ गतेका दिन भएको असमायिक निधन प्रति गहिरो दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

उल्लेखित निर्णयहरु पारित गर्दै आजको बैठक सम्पन्न गरियो ।